# हिन्दु धर्मका आधारमा महिलाको जीवनमा भइरहेको विभेद : एक समाजशास्त्रीय विश्लेषण

**नारायणी देवकोटा**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

## सारसङ्क्षेप

यो लेख समाजशास्त्र विषयमा धर्मको अध्ययन, हिन्दु धर्म सम्प्रदायमा जन्मिएकी लेखकले देखेको सुनेको र भोगेको आफ्नो वरिपरिको समाजको सन्दर्भलाई प्रतिविम्वित समाजशास्त्र (रिफ्लेक्टिभ सोसियलजी)को सैद्धान्तिक आधारमा आधारित भएर तयार गरिएको हो । लेख तयार पार्ने क्रममा महिलासँग सम्बन्धित हिन्दु धर्म ग्रन्थका सन्दर्भ, समाजशास्त्रमा धर्मको व्याख्यालाई तथ्यहरू संकलनको द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ। त्यसै गरी तथ्यहरू संकलनको प्राथमिक स्रोतको लागि लेखक जन्मिएको हिन्दु धर्म शास्त्र नियमित सुन्ने–सुनाइने कथाहरू र कर्मकाण्ड विधिलाई लिईएको छ । लेख लेख्नको लागि सैद्धान्तिक रूपमा समाजशास्त्रका दुई सिद्धान्त पियरे वोर्दियुको प्रतिविवित समाजशास्त्र र सि राईट मिल्सको समाजशास्त्रीय परिकल्पनालाई आधारको रूपमा लिईएको छ। जस अनुसार वोर्दियुको प्रतिविम्वित समाजशास्त्रको सैद्धान्तिक आधारमा धर्म शास्त्रले आफ्नै जीवन र वरिपरिका मानिसमा पारेका प्रभावसँग जोडिएको छ भने। सि राइट मिल्सको समाजशास्त्रीय परिकल्पनाको सैद्धान्तिक आधारमा ब्यक्तिको जीवनीको आँखिझ्यालबाट समग्र समाज नियाल्ने कोशिष गरिएको छ। जस अनुरूप आम हिन्दु महिलाको जीवनमा परम्परा देखि वर्तमान समय सम्म धर्मले पारेका प्रभावलाई एउटा हिस्साका रूपमा लेखक स्वयंलाई लिईएको छ।

अध्ययनका क्रममा हिन्दुधर्म ग्रन्थको ब्याख्या निश्चित रूपमा एकल जातिय पुरुषद्धारा मात्र ब्याख्या (वा अपब्याख्या सहित) गरिएको हुँदा इतिहासको लामो समय धर्म ग्रन्थमा अरु समुदायसँगै महिलाका पहुँच थिएन । तर धर्मको ब्याख्यामा महिलाको पहुँच नभए पनि महिलाको जीवनको सुरुवात देखि मृत्यु पर्यन्त सम्म महिलाले विभिन्न विभेद भोग्न परेको पाईन्छ।

मुख्य शब्दहरू : समाजशास्त्रीय परिकल्पना, प्रतिविम्वित समाजशास्त्र, धर्मको समाजशास्त्र, लैगिंक विभेद

## परिचय

समाजशास्त्र अन्य सबै कुरा सामाजिक रूपमा निर्मित हुन्छन्, र त्यसै अनुरूप धर्म पनि निर्मित हुन्छ वा धर्म मानिसले बनाएको हो भन्नेमा स्पष्ट छ, (मिश्र, २००९) र म त्यसलाई पछ्याउँछु। मानव समाज विकासको क्रममा मानिसले किन धर्महरूको विकास गऱ्यो ? किन कोहि मानिस धार्मिक छन् वा मानिस किन धर्मको पछि लागिरहेका छन्, मानव समाजमा धर्मको आवश्यकता छ कि छैन, धर्मको आवश्यकता छ भने किन छ भन्ने बारेमा समाजशास्त्रमा ब्यापक छलफल हुन्छ (मार्क्स १८४३, वेवर, १९०५, १९१६, १९१७, दुर्खाइम, १९१६) ।

"समाजशास्त्र विषय आफ्नै विकासको एउटा आधार धर्मको नेतृत्व नष्ट हुँदै गर्दाको संक्रमणकालिन समाज पनि हो" भनी लेख्छन् म्यारिल्याण्ड विश्वविद्यालयका प्राध्यापक जर्ज रिट्जर आफ्नो विश्वचर्चित पुस्तक सोसियलजिकल थ्यौरीमा (२००८) । जब फ्रान्समा क्रान्ति भयो र भगवानका अवतार भनिएका राजा, सम्राट र जारहरूको अन्त्यको सवाल युरोपभर फैलिँदा मानिसहरूलाई लाग्यो यो सभ्यताको अन्त्य भयो, धर्मको नाश अर्थात् बर्वाद भयो । त्यसै सन्दर्भमा धर्मको विकासको बारेमा बहस हुने क्रममा मानव समाज कुनै धर्मले निर्माण गरेको भन्दा पनि मानव समाजले आफ्नो विकास क्रममा आफ्ना आवश्यकतालाई पूर्ति गर्न धर्मको बिकास गर्यो भन्ने अबधारणा अगाडि सारियो । जसमा समाजशास्त्र विषयका सुरुवातका मुख्य दार्शनिकहरू (जसलाई फाउण्डिङ फादर पनि भन्ने गरिन्छ) ले धर्मको बारेमा आफ्ना अध्यायन, लेखन र ब्याख्या गरे ।

धर्मको विकास मानिसले आफ्ना समस्याहरूको सम्बोधन गर्ने क्रममा गरेको हो भन्ने कुरामा सहमत भए पनि, समाजमा भएका धेरै कुरा मध्ये धर्मलाई कसरी हेर्ने भन्ने बारेमा पनि समाजशास्त्रमा फरक फरक विचार वा मतहरू छन् । त्यसलाई सामान्यतया संरचनात्मक प्रकार्यवादी, मार्क्सवादी र महिलावादी दृष्टिकोणका मतलाई एक साथ पढाईन्छ । जसलाई छोटोमा भन्दा संरचनात्मक प्रकार्यवादले धर्मले मानिसलाई समाजसँग जोड्छ, समाजमा भएका सम्बन्धहरूलाई अझ बलियो बनाउने काम गर्छ भन्ने तर्क अगाडि सार्छ । मार्क्सवादले धर्मले समाजमा रहेको विभेद प्रति विद्रोह गर्ने वर्गलाई विगत र भविष्य (पूर्व जन्म र अर्को जन्म)को कुरा गरेर मानिसलाई नसामा राख्छ भन्छ भने महिलावादीहरू यो पुरुषद्धारा, पुरुषको मुक्ति वा रक्षाका लागि पुरुषलाई गरिने सम्मान (आरधना)को रूपमा लिन्छन् । उदाहरणको लागि क्रिष्चियानिटिमा जिजस क्राईस्ट, हिन्दुमा त्रिदेव (ब्रमा, विष्णु र महादेव), मुस्लिममा मोहमद र बुद्ध धर्ममा गौतम वुद्धलाई भगवानको रूपमा लिईन्छ जो पुरुष हुन् ।

### धर्म र धर्मको ज्ञान

महिला, जनजाति र दलितलाई वा सिमान्तकृतलाई दमन गर्ने, होच्याउने, हेजेमोनाईज गर्ने कुरा धार्मिक कर्मकाण्डमा भएको कुरा गर्दा नेपालमा क्रिश्चियनहरूको डलर खाएको, ग्रन्थमा गरिएको ब्याख्याको बारेमा छलफल गर्दा 'सम्पूर्ण वेद र पुराणहरू नपढी धर्म शास्त्रको ब्याख्या गर्न मिल्दैन' वा 'केहि सिमित किताब पढेको भरमा ब्याख्या गर्न खोज्नु अन्धाले हात्ती छान्नु जस्तै हो' जस्ता टिप्पणी सार्वजानिक भईरहन्छन् । लाग्छ, धर्मशास्त्रका ज्ञाताहरू 'तैंले के जानेको छस र ?' भनेर सोध्छन् । 'फलानो किताबको फलानो लाईनमा यस्तो लेखिएको छ' भन्दा 'उक्त अनुवाद गलत छ' भनेर पनि भनिदिन्छन् । त्यसो त हिन्दु धर्मको ज्ञानको स्रोत मानिने वेदका ऋचा शुद्ध ब्राहमण बाहेकले पढ्न हुँदैन भन्ने मान्यता समाजमा छ ।

वम्बे विश्वविद्यालयमा समाजशास्त्रका प्राध्यापक रहेका जी. एस. घुरे सन् १९५० मा प्रकाशित आफ्नो किताब कास्ट एण्ड क्लासमा लेख्छन् "वेदका ऋचाहरू तथ्यमा आधारित भएर पाणिनी भाषामा लेखिएको हुँदा त्यसलाई प्रकाशन नगर्न र प्रिन्ट गरे अपवित्र हुने कुरा एक ब्रामण प्राध्यापकले सन् १९४३मा बम्बे बोर्ड अफ एडुकेशनलाई सुझाब दिएका थिए" । घुरेले उल्लेख गरेको कुरालाई यहाँ जोड्न किन जरुरी छ भने धर्मशास्त्रका किताबहरू इतिहासको लामो समय सम्म आम मानिसको बोलिचालीको भाषामा थिएनन् । न त किताबहरू नै प्रयाप्त थिए । भएका थोरै किताब पनि विशेष (पवित्र भनिने) लिपिमा लेखिएका हुन्थे । उदाहरणको लागि हिन्दु धर्मग्रन्थ संस्कृत, कृष्टियन धर्म ग्रन्थ ल्याटिन, मुस्लिममा उर्दु र बुद्ध धर्मका ग्रन्थहरू पाली भाषा लेखिएका थिए । र, ती भाषाका लिपिलाई आम रूपमा

पवित्र मानिन्थ्यो । जो आम मानिसको पहुँचमा थिएनन् ।

समाजशास्त्री अर्नेष्ट गेल्नर आफ्नो किताब नेसन एण्ड नेसनालिजम्मा लेख्छन्, 'ग्रामिण कृषि समाजमा केहि पढेलेखेका (दार्शनिक, पुजारी, बैद्य, सरकारी लगत राख्ने मान्छे) मानिस थिए तिनिहरूले आफुँलाई आम किसान भन्दा भिन्न रूपमा प्रस्तुत गर्थे र किसानले पनि आफुँलाई पढेलेखेका मानिस भन्दा भिन्न तरिकाले लिन्थे' (गेल्नर १९८३) । यसको उदाहरणको रूपमा हिन्दु समाजमा ऋषिहरूले मानव समाज टाढा भन्दा जंगलमा गएर तपस्या गर्ने र गुरुकुल चलाउने कुरालाई लिन सकिन्छ ।

ल्याटिन भाषाको सन्दर्भमा भाषाशास्त्री बेन्डिट एण्डरसनले आफ्नो किताब इम्याजिन कम्युनिटिमा लेखेका छन्, ' पहिल्यै पनि ल्याटिन भाषा युरोपमा धेरै कम मानिसले पढ्थे र पढेका मध्ये अझै धेरै कमले मात्र त्यसलाई ब्याख्या गर्थे । तर, बोलीचालीमा स्थान विशेषका भाषाहरू थिए । सोह्रौ सताब्दीमा आफ्ना आफ्ना बोलीचालीका भाषामा किताबहरू लेखिन थालियो' (एण्डरसन २००६) । ठ्याक्कै यहि सन्दर्भ नेपाली भाषाको हकमा आदिकवि भानुभक्त आचार्यले बाल्मिकी रामायण उल्था गरे पछि भएको हो भन्न सकिन्छ ।

धर्म शास्त्रका ग्रन्थहरू सम्मको सिमित पहुँचका कारण मानव इतिहासको लामो समय सम्म धर्म श्रुति र श्रवण परम्परामा टिकेको थियो भन्दा सायद अतिउक्ति हुँदैन होला । हाम्रै समाजमा केही पुस्ता अगाडिसम्म ठूलो विद्वान भन्नु पर्दा कासीमा रहेका गुरुकुलहरूमा गएर वेद पढेका मानिसहरू थिए । जसलाई 'संस्कृत भाषाका पण्डीत' भन्ने गरिन्थ्यो ।

यस्ता गुरुकुलमा जो कोहिलाई भर्ना लिँदैन्थ्यो । र, वेद जो कोहिले पढ्न हुँदैन भन्ने सामाजिक मान्यता रहेको थियो, जुन अहिले पनि छ । विक्रम सम्बत् २०७७ सालमा भाद्र १५ गते बाग्लुË नगरपालिकामा रहेको मुक्ति बेद विद्ययाश्रममा दलित र जनताति बालबालिकाले पनि पढ्न पाउनु पर्ने माग राख्नेहरूमाथि ब्रामण क्षेत्रि समुदायका मानिसले हिंसात्मक ब्यवहार गरेका थिए (२०७७) । पढ्न चाहने वा बहसमा सहभागि हुन चाहने विशेषजातीका पुरुषहरू बाहेकलाई गरिने अपमान वा दण्डका कुराहरू धार्मिक कथाहरूमा यत्रतत्र पाउन सकिन्छ । यसको उदाहरणमा राजर्षि जनकको सभामा यज्ञवाल्यक्यले गार्गीलाई 'तेरो टाउको खस्छ गार्गी अझै अगाडि प्रश्न गरिस भने' भनेर गरिएको अपमानको कथा (साङ्कृत्यायन २०७६, नेपाली अनुवाद) गरेको अपमान वा एकलब्य धनुर्विद्यामा पाराङ्गात भएको कारण गुरुदक्षिण स्वरूप मानस गुरु दोर्णचार्यले एकलब्यको बुढी औला मागेको कुरालाई लिन सकिन्छ । जसले आम रूपमा महिला र कथित तल्लो जातिका भनिएका मानिसलाई विद्या ग्रहण गर्न, ज्ञानको बारेमा बहस गर्नबाट तर्साएको कुरा स्पष्ट हुन्छ ।

धर्मलाई पढेलेखेका मानिसहरूले आफ्नो क्षमता, बुझाई, स्वार्थ र सत्ताको सोच अनुसार धर्मशास्त्रको ब्याख्या, अपब्याख्या या पुनः ब्याख्या गरेका थिए भन्ने प्रसस्तै उदाहरण पाउन सकिन्छ । जसले गर्दा कतै धर्म दर्शनको रूपमा कतै ब्यवस्था (सिस्टम)को रूपमा फैलियो । जहाँ दर्शनको रूपमा फैलियो त्यहाँ आम मानिसमा कम दमन भयो भने जहाँ ब्यवस्थाको रूपमा फैलियो त्यहाँ बढी दमन भयो । साथै एक धर्मको मानिसले अर्को धार्मिक समुदायका ग्रन्थ र शिक्षालय जलाउने र जबरजस्ती आफ्नो धर्म मान्न लगाउने सम्मका काम मानव समाजमा भयो । यो कुरा हिन्दु धर्म वा कुनै एक धर्ममा मात्रै सिमित थिएन । कृश्चियानिटिमा मानव हत्यालाई पापको रूपमा ब्याख्या गरेको हुँदा कयौ कृश्चियन पाश्चरहरूले आफ्ना साम्राज्य फैलाएका समुदायका मानिसलाई जनवारको संज्ञा दिँदै मारे, आफ्नो धर्म लाद्ने क्रममा कृष्चियहरूले स्थानिय औषधि मुलो जानेका महिलालाई बोक्सीको नाममा जिउँदै जलाउने काम गरे,

शंकराचार्यहरूले कयौ बौद्ध धर्मका ग्रन्थहरू जलाएका कथा इतिहासमा पढ्न पाईन्छ ।

धर्म अन्धताको यो बेगले शासकहरूलाई आफ्ना नागरिक र महिलाहरू आफ्ना प्रति बफादार बनाउने र हराएका समुदायलाई आम रूपमा दास र केहि महिलालाई यौन दासी बनाउने क्रम शुरु भयो । घटना हिंन्दु धर्म माथी मुसलमानहरूको आक्रमण हुँदा आफ्ना राज्यका महिला माथि यौन दासताको डरले कयौ हिन्दु राज्यका दरवारिया महिलाहरूलाई आत्मदाह गर्न लगाईयो (भन्साली, २०१७) । यसरी आत्म दाह गर्ने वा गराउने सवाललाई भने महिलावादी र आमरूपमा फरक फरक दृटिकोणबाट हेर्न सकिन्छ । सन्जयलिला भन्साली निर्देशित फिल्म पद्मावतमा महिलाको आफ्नो राजीखुशीमा आत्मदाह गरेको देखाईएको छ, भने यहि सवाललाई महिलावादी मेरी डेलीले भने, मुसलमानहरूको आक्रमणको आवरणमा हिन्दु महिलाहरूको सामुहिक हत्या गरिएको उल्लेख गरेको कुरा समाजशास्त्री सुजित मैनालीले आफ्नो किताब सतिः इतिहास र मिमांसा (२०७८) मा उल्लेख गरेका छन् । जसलाई महिलाको यौनिकलाई लिएर आफ्नो र पराया करण गर्ने सवालसँग जोडेर हेर्न सकिन्छ । आफ्नो रगत, कुल बंशको सर्वोच्चता मान्ने सोचका आधारमा महिलाको यौनिकता, महिलाको कोखलाई पवित्र र अपवित्र मान्ने र बनाउने क्रमको शुरुवात भयो । जसले गर्दा आज भारतवर्षमा अन्तर्रजातिय वा अन्तरधर्म बिचमा युवायुवातिले विवाह गर्दा वर्षेनी हजारौ युवाको ज्यान जाने गरेको छ ।

### हिन्दुधर्ममा महिलाको चित्रण

यहाँ आईसके पछि यो लेख मुख्य पक्ष लेखक जन्मे, हुर्के र आफुँले बाँचिआएको हिन्दु धर्ममा महिलालाई कसरी प्रस्तुत गरिएको छ भन्ने बारेमा केन्द्रित छ । धार्मिक कर्मकाण्ड र कथाहरूमा केहि समतामुलक र केहि विभेदका कथाहरू एक साथ छन् । यी दुवैलाई दुवै पक्षका बहसमा राख्ने गरिन्छ । उदाहरणका लागि हिन्दु समाजमा भईरहने पुन्य कर्ममा पञ्चकन्याको पुजा गरिन्छ । सामान्य तया पन्चकन्याका प्रतिरूप मानेर साना बालिकाहरूको पुजा गरे पनि खासमा पञ्चकन्या भनेर पुजा गरिने महिलाहरू महाभारतका (द्रौपदी, कुन्ति) र रामायणका (अहिल्या, तारा र मन्धोदरी) शक्तिशाली महिला पात्रहरू हुन् । जसले परपुरुषसँग गरेको सम्भोगलाई स्वीकारेका हुन्छन् ।

पञ्चकन्याको कुरा आउँदा जहिले पनि मेरो मनमा रामायणकि पात्र सिता, महाभारतकि पात्र सत्यवती र स्वस्थानिकि पात्र बृन्दालाई किन कन्याहरूमा सामेल नगरेका होलान् भन्ने लागिरहन्छ । यो बारेमा कुरा हुँदा अगाडि सारिने एक तर्क हो 'जसले आफ्नो यौन जिवनलाई लुकाएनन् वा यौनसम्बन्ध एक भन्दा बढी मानिससँग हुने कुरालाई स्वीकार गरे (चाहे रहरमा होस्, चाहे बाध्यतामा) उनिहरूलाई कन्याको रूपमा पुजिन थाल्यो । तर, जसले यौन जीवनलाई सामान्य रूपमा लिएनन् वा पवित्रताको रूपमा लिए तीनिहरूलाई कन्यामा सामेल गरिएन' । उदाहरणको लागि सिताले त आफुँलाई रावणले हरण गरेको भए पनि यौनिक पवित्रता अर्थात् पतिव्रत धर्म नतोडिएको भनेर रामले लिएको अग्नी परिक्षा पनि दिईन । सत्यवतीले ऋषि परासरसँगको आफ्नो सम्बन्ध र छोरा वेदब्यासलाई सार्वजानिक रूपमा कहिल्यै स्वीकार गरिनन् । पञ्चकन्याको यो तर्कले महिलाको यौन स्वतन्त्रतालाई हिन्दुधर्म परम्परामा स्वीकार गर्छ भनेर मान्न सकिन्छ ।

अर्को आम रूपमा नेपालमा हिन्दुहरूले पुजा गर्ने शिव रात्री, स्वस्थानी वर्त वा कथा र तीजका वर्तमा हिमालय पर्वतकि छोरी पार्वतीले महादेव श्रीमान पाउनको लागि गरेको तपस्या र महादेवसँगको उनको विवाहको कथा सुनाउने गरिन्छ ।

जहाँ महादेवको कुनै जात, गोत्र नभएको प्रसंगले महिलाले कोसँग बिवाह गर्ने भन्नेमा परिवार र समाजको खास दवाब नभएका कुरा मान्न सकिन्छ।

त्यसै गरि विजया दशमीमा पुजा गरिने नव दुर्गाहरूका कथाले पनि महिला आफ्नो हित रक्षाको लागि आफै सक्षम हुन्छन् भन्ने कुरालाई देखाउँछ । भने कृष्ण अष्टमीमा पुजा गरिने राधकृष्ण र सुनाईने उनका कथाहरूले किशोर किशोरीको विचमा हुने प्रेमलाई स्वभाविक रूपमा लिएको पनि पाउन सकिन्छ।

तर, कथाका सबै भाग उस्तै छैनन्। पञ्च कन्याका रूपमा पुजा गरिने महिलाहरूलाई स्वतन्त्र ब्यक्तिको रूपमा उनिहरूको निर्णयले प्राथमिता पाएको देखिँदैन। न त पञ्चकन्यामा नपरेका तर धार्मिक कथाका प्रभावशाली पात्रहरूलाई नै त्यस प्रकारको स्वतन्त्रता प्रदान गरिएको छ। महाभारतका सत्यवती र कुन्तीले बिवाह भन्दा अगाडि जन्माएका छोराहरूलाई गरेको त्यागबाट, यौन र सन्तान उत्पादनको लागि पुरुष अर्थात् श्रीमानको उपश्थितिलाई अनिवार्य गरेको छ अर्थात् स्वतन्त्र मातृत्वबाट बिमुख गराएको छ।

त्यसै गरि सीताको पवित्रताको कुरालाई लिएर रामले उनको अग्नि परीक्षा मात्रै लिएनन्, श्रीमानको आवश्यकता पर्ने गर्भवती भएको समयमा जंगलमा लगेर समेत छोडीदिन्छन् । त्यसै गरि अहिल्यालाई छक्याएर सम्भोग गर्ने इन्द्रलाई श्राप दिए पनि गौतम ऋषिले आफ्नी पत्नीलाई ढुंगा बनाएँ। स्वस्थानी कथामा जालन्धरलाई मार्नको लागि बृन्दालाई छल गरेर घाँस, झार, रुख र ढुंगा हुने श्राप पाएका भए पनि भगवान विष्णुको पुजामा समाजले कुनै कमि गरेको छैन। बरु, औषधी जन्य वनस्पतीमा बास गराएर झन महत्व प्रदान गरेको छ। यी महिलाका कथाबाट के सन्देश मिल्छ ? सकिन्छ भने महिलाको यौनिक पवित्रता बचाउनु महत्वपूर्ण हो र त्यसलाई महिलाले नै बचाउनु पर्दछ। नबचाएमा दोषको भागिदार पनि महिला नै हुनुपर्छ। जसले गर्दा हरेक दिन आउने बलात्कारका समाचारमा हामी दुनिया बिग्रेको टिप्पणी गर्दछौं।

महिलालाई उसको यौनिकता र स्वतन्त्र मातृत्वबाट बेदखल गरिएसँगै विभिन्न महात्म्य वा कथाहरूमा महिलालाई पुरुषकि अधिनस्थ ब्यक्तिको रूपमा प्रस्तुत गरिएको छ। यसको सबै भन्दा कुरुष चित्रण हरेक वर्ष भनिने माघ महात्म्य (स्वस्थानि कथामा) वा मलमास परेको वर्ष सुनाईने पुरुषोत्तम मास महात्म्यका कथामा श्रीमानलाई सम्मान गर्नु पर्ने र नगर्दा पापको भागिदार बन्नु पर्ने कथाहरू छन्।

तेस्रो, यी धर्म ग्रन्थहरू महिलाका भन्दा पनि पुरुषका विरता र पुरुषलाई सर्वोच्च बनाउने सोचका कथाहरू हुन् । रामायणमा रामको, महाभारतमा कृष्ण र पाण्डवहरूको अनि स्वस्थानीमा महादेवका विरताका कथाहरू छन्। रमाईलो त के छ भने स्वस्थानीको व्रत वा कथा भट्ट सुन्दा देवीको कथा र व्रत भनिन्छ। तर, त्यहाँ न कतै स्वस्थानी नामकी देवीको कथा छ, न स्वस्थानीको पुजा नै गरिन्छ।

## हिन्दु धर्मका कारण नेपाली महिलाको जीन्दगीमा परेको प्रभाव

हिन्दु कर्मकाण्डमा 'जसरी आगोले पोल्छ भन्ने थाहा पाउनेलाई पनि पोल्छ, पोल्छ भनेर थाहा नपाउनेलाई पनि आगोले पोल्छ' भनेर पटक पटक सुनाईन्छ। यसलाई 'आम मानिसको जीवनका कयौ परिघटनाहरूले थाहा पाए पनि नपाए पनि

वा थाहा पाएर उक्त परिघटनालाई नस्वीकारे पनि प्रभावित बनाईरहन्छन्' भनेर भन्न सकिन्छ। हिन्दु धार्मिक समाजमा आम रूपमा बृद्ध अवस्थामा स्याहार गर्ने, बंशको निरन्तरता दिने, सम्पत्तीको उत्तराधिकारी हुने र मरेपछि क्रियाकर्म गर्न पर्ने, वार्षिक पुन्यतिथिमा श्राद्ध गर्ने काम छोराले नै गर्न पर्ने भन्ने मान्यताले छ। हुन त 'छोरी, शिष्य, पत्नी आदिले पनि दागवत्ती दिन हुने र तिनले पनि यथायोग्य मुण्डन, स्नान र प्रायश्चित गरि शवदाह, प्रेतपिण्ड दिन हुने' अभिब्यक्ति संस्कृत भाषाका पंढितहरूले बेलबेला दिन्छन्। तर, त्यो स्वर समाजमा झिनो छ।

आम मानिसहरू धर्मशास्त्र भित्रका यस्ता विवाद वा बहसमा जानकार हुँदैनन्। मानिसले देखि, सुनि र भोगिआएको चालचलनले गर्दा समाजमा छोरालाई प्राथमिकता दिईन्छ। र, छोरालाई प्राथमिकतामा राख्नेमा शिशुका पितापट्टिको लाईनका मानिस मात्रै पर्दैनन्। मातापट्टिका लाईनका मानिसहरू पनि पर्दछन्। हिन्दुधर्मका धेरै कर्मकाण्डहरू वा धार्मिक कार्यहरू भान्जा बिना अधुरो मान्ने गरिने हुँदा छोरीको सन्तानहुँदा छोरी भन्दा छोरा होस् भन्ने सोच धेरैमा रहेका पाईन्छ। यसरी छोरीलाई भन्दा छोराको जीवनलाई प्राथमिकतामा राख्ने वा बढी मूल्य प्रदान गर्ने कुराले एक महिलाको जिन्दगीमा पर्ने असर भ्रुणको लिंग पहिचान देखि श्राद्ध सम्म परेको पाईन्छ।

नेपालमा मानव भ्रुणको लिंग पहिचान गरि गरिने गर्भपतन पछिल्ला दिनमा बढ्दो छ। काठमाडौंको कागेश्वरी नगरपालिकामा गरिएको एक अध्ययनले महिलाको संख्या तीनहजारले घटेको देखाएको छ (देवकोटा, २०७७)। र, यसरी घटेको कारण लिंग पहिचान गरि गरिने गर्भपतन भएको निष्कर्ष नगरपालिकाले निकालेको उपप्रमुख बिन्दु पुडासैनी सिम्खडाले एक अन्तर्वार्ताको क्रममा बताउनु भएको छ।

गर्भमा भ्रुणको पहिचान गरेर गर्भ पतन गर्ने कुराबाट उठेर जन्मेका शिशुहरूको कुरा गर्ने हो भने धेरै परिवारमा छोरी जन्मेकोमा भन्दा छोरा जन्मेकोमा खुशीयाली मनाउने गरिन्छ। छैटी, नामाकरण वा पास्नीमा गरिने भोजमा नै फरक ब्यवहार हुन्छ।

शिक्षा दिने कुरामा पनि बालकहरूले भन्दा बालिकाहरूले कम प्राथमिकता पाउँछन्। यसको सबै भन्दा राम्रो उदाहरण अहिलेको कोभिडको समयमा बालिकाहरूलाई विद्यालयबाट निकालिने कुरासँग जोड्न सकिन्छ। कोभिड अगाडि छोरालाई महंगा निजी विद्यालय र छोरीलाई कम खर्च लाग्ने सामुदायिक विद्यालयमा भर्ना गर्ने वा छोरालाई सहरका निजी विद्यालयमा राख्ने र छोरीलाई गाउँका कम खर्च लाग्ने निजी विद्यालयमा पढाउने कुरालाई लिन सकिन्छ।

किशोरी अबस्थाको सुरुवातसँगै हुने महिनावारीको पवित्रताको कुरालाई लिएर अहिले पनि धेरै किशोरीहरू विद्यालय छोड्छन्, छाउगोठमा बस्न वा नजिकैका आफन्तको घरमा बस्न बाध्य छन्। जसले महिलाको प्राकृतिक मासिकचक्रलाई अपवित्र घोषणा गर्दछ। पछिल्लो समयमा महिनावारीलाई मर्यादित बनाउन विभिन्न प्रकारका अभियान संचालनमा छन्। तर, महिनावारीलाई पाप भनेर पापकटाउन गरिने ऋषि पञ्चमीको कथा पनि समानान्तर रूपमा निरन्तर छ।

आम हिन्दु महिलाको लागि बिवाहको दिन खुसीको दिन हुँदैन। एक त जन्मँदा देखि गरिँदै आएका विभेदहरूको उक्त दिन पटाक्षेप हुन्छ। आफुँ जन्मेको हुर्किएको, आफ्नो श्रम र पसिना परेको उक्त घर आफ्नो होइन भन्ने कुराले। त्यसमाथि उक्त दिनमा महिलाको जिउँदै श्राद्ध गरेर गोत्र सारिन्छ, अनि वस्तुको रूपमा कन्यादान गरिन्छ। बिहेको भोजमा रमाईरहेकाहरू कमैलाई बिवाह भएकि युवतीलाई पर्ने मानसिक आघातको कमै महसुस हुन्छ। महशुष गर्नेहरूले

पनि, 'के गर्ने त छोरीको जन्म हारेको कर्म' वा 'महिलाको त भाग्य नै अरुको घरमा जाने' भनेर सम्झाउँछन् ।

बिवाह पछिको घर जतिनै उसको भने पनि उसको होईन भन्ने महशुष बेला बेलामा गराईन्छ । यसरी महशुष गराईने कयौँ घरमा उसलाई घर भित्रको आज्ञाकारी मजदुर र तल्लो दर्जा दिने काम, कर्तब्य र कथाका फेहरिस्तहरू प्रसस्तै हुन्छन् (बेनेट, १८८३) । आज्ञाकारी हुन मन्जुर नगरेका धेरै महिलामाथि हुने बर्बर हिंसाका ग्राफलाई सरकारी निकाएले नै हरेक वर्ष नोभेम्बर २५मा सार्वजानिक गर्दै आएको छ ।

बिवाह पछि छोरा जन्माउन नसके उ माथि अर्को बुहार्तन थपिन्छ । परिवार नियोजनको पहुँच पुगेका घर परिवारमा समेत छोराको प्रतिक्षामा सुत्केरी भईरहनु परिरहेको हुन्छ भने कयौले गर्भपतन गराईरहनु परिरहेको हुन्छ । जसले गर्दा महिलाहरूमा शारिरिक र मानसिक दुवै रूपमा नकारात्मक असर परिरहेको हुन्छ । कयौ परिवारमा छोराको कारणले सन्तान नभएको कुरालाई स्वीकार नै गरिँदैन, छोराको कारण सन्तान नभएको थाहा भएमा अरु तरिकाले पनि सन्तानउत्पादन गर्न लगाईने कुरा मानोचिकित्सक डा. विश्वबन्धु शर्माले लेखेको किताब किताब मान्छेको मन (२०७६)मा उल्लेख गरेका छन् । यसको जरो वा चुरो कुरा पनि बुढेसकालमा पाल्ने र मरे पछिको क्रियाकर्म छोराले गर्ने भन्ने धार्मिक मान्यतामा आधारित छन् ।

बिवाहित महिलामा हुने विभेदको सिलसिला श्रीमान–श्रीमती मध्ये कुनै एकको मृत्यु पछि अझ बढी हुन्छ । कलिलो उमेरमा नै श्रीमान गुमाउन परेका महिलाहरूमाथि श्रीमानको मृत्युको पिडा त हुन्छ नै । त्यसमाथि पूर्व जन्मको पाप, अलक्षिण वा टोकुवा र पवित्रताको लागि सादा जिन्दगी बिताउनु धार्मिक आग्रह थपिन्छ । तर, महिलाको मृत्यु हुँदा वातावरण अर्कै हुन्छ । पहिलो त श्रीमतीको मृत्युमा श्रीमानहरूले किरियाकर्म पनि अपवाद बाहेक गर्दैनन् । दोस्रो धार्मिक परम्परा अनुसार उ महिला जस्तो बैधब्य अर्थात् एकल जीवन विताउन बाध्य हुँदैन । विभेदको सिलसिला महिलाहरूको मृत्यु पछि पनि रहन्छ । स्रोहश्राद्ध गर्दा आमाको तिथि अगाडि भए पनि बुवाको तिथिमा आमाको श्राद्ध गर्ने गरिन्छ ।

माथि उल्लेख गरेको एक हिन्दु महिलाको जिन्दगीमा उसले भोगेका विभेदका श्रृखलाहरू हिन्दु धर्म संस्कारमा छोरा वा भान्जा र छोरी वा भन्जीलाई एकै मान्यता भएका भए यस्ता विभेदहरूहरू महिलाले कमै भोग्न पर्थ्यो होला भन्न सकिन्छ ।

## हिन्दु महिलाको सन्दर्भ मात्र हो यो कि गैर हिन्दुमा पनि छ ?

परिवार र समाजबाट राष्ट्रको तहमा पुगेर हेर्दा वर्तमान नेपालको जग नै असली हिन्दुस्तान बनाउने उदेश्यका साथ भएको थियो भन्ने कुरालाई यहाँ जोड्न जरुरी छ । राजा पृथ्वी नारायण शाहले असली हिन्दुस्तानको जग हाले पछि जो जो शासक प्रभावशाली रूपमा आए उनिहरूले हिन्दु धर्मलाई सत्ता संचालनको एक हतियार बनाएका छन् । चाहे त्यो जङ्गबहादुरको मुलुकि ऐन होस्, चाहे राजा महेन्द्रको पञ्चायत होस् वा वर्तमानमा भईरहेका मन्दिर निर्माणको तिब्रता होस् । संसार भरि नै धर्म सत्ता संचालक वर्गको बैचारिक हतियार मध्ये एक हो र आफ्ना जनताहरू बिद्रोही नहुन् भन्ने आधारभूत मान्यता राखेर धर्मलाई बढवा दिईन्छ भन्छन् माक्सवादी विचारक निकोज पाउलान्तास (पाउलान्तास, १९७५) ।

यहि निर माथि उल्लेख गरेको 'परिघटनालाई स्वीकार नगर्ने मानिस वा समुदायलाई पनि यसले प्रभाव पार्दछ' भन्ने कुरा यहाँ जोड्न चाहन्छु। हिन्दु धर्म नमान्दैमा वा त्यसको बारेमा नजान्दैमा आम मानिसको जीवन धार्मिक सत्ताको असरहरूबाट मुक्त छैनन् । उदाहरणका लागि नेपाली समाजमा जनजातिय महिलाहरूको अवस्था हिन्दु धर्ममान्ने समाजका महिलाहरूको भन्दा उच्च रहेको वा महिला र पुरुष बिचमा विभेद नभएको जस्ता कुराहरू गरिन्छ। त्यसै गरि हिन्दु धर्ममा दलितलाई चरम विभेद भएको भनेर पछिल्ला वर्ष सिमान्त समुदायका मानिसहरू कृष्चियन बन्ने गरेको पनि पाईन्छ। तर, नेपालको पहिलो कानुन मुलुकि ऐन मुलत हिन्दुधर्म आधारित थियो। अहिले आएर मानव अधिकारका विभिन्न सन्धी सम्झौतामा हस्ताक्षर गरेको अवस्थामा सरकारले मुलतः विभेदकारी कानुन बनाउन सक्दैन । तर, उसको कोसिस निरन्तर छ भन्ने कुरा आमाको नामबाट सन्तानले सहजरूपमा नागरिकता प्राप्त गरुन भनेर पटक पटक आन्दोलन हुँदा पनि उक्त कानुन अगाडि बढ्न नसक्नुबाट झल्कन्छ। नागरिकताको सवालमा पितालाई दिईएको प्राथमिकताले कुनै पनि जनजाति महिलाले आफ्नो बच्चा कुन पुरुषको विर्यको हो भनेर नभन्दा सम्म उक्त सन्तान बंशज आधारमा नागरिकता नपाउने अवस्था यथावत छ।

त्यसो त धर्मका जरा देशका कानुनमा मात्रै छैनन्, क्रान्तिकारी राजनीति गर्ने वा अधिकारका वकालत गर्ने र अधिकार मुखी संस्था संचालनगर्ने मानिसका सोचमा पनि छन् । यसको ज्वलन्त उदाहरणको रूपमा बिक्रम सम्बत् २०५०को दशकमा महिला माथि हुने हिंसाको मुख्य कारण स्थानिय रूपमा पारिने जाँडरक्सी भएको निष्कर्ष तत्कालिन महिला अधिकारका क्षेत्रमा काम गरेका धेरै संघसस्था, प्रहरी र बिद्रोही माओवादीले एक साथ निकालेका थिए। र, स्थानिय रूपमा गरिब, सिमान्तकृत र धेरैहद सम्म एकल महिलाले दुख्खले जोडेका रक्सी बनाउने भाँडा कुँडा फुटाईदिने एउटै अभियान फरक फरक तरिकाले संचालन गरेका थिए।

वैचारिक रूपमा निकालिएको उक्त निष्कर्ष र क्रियाकलापले महिला माथि हुने हिंसा घट्ने भन्दा पनि स्थानिय स्रोत साधनमा सञ्चलान भएका घरेलु रक्सी उत्पादन गर्ने सिलसिला बन्द भए र ब्रान्डेड रक्सीले लिए। र, सानोतिनो ब्यापार ब्यवसाय गरेर वा साँझ बिहान रक्सि पारेर आफ्नो खुट्टामा उभिँदै गरेका महिलाहरूको आर्थिक सशक्तिकरणलाई ठप्पा लगाईदियो। त्यसैले म यो धर्म मान्दिन भन्दैमा कोहि धार्मिक सत्ताका प्रभावबाट पूर्ण रूपमा मुक्त हुन्छन् भन्ने हुँदैन।

## निष्कर्ष

धर्मका आवरणमा मानिसहरूमा भईरहेको दमन हटाउनको लागि के गर्नु पर्ला भन्ने प्रश्न नेपालमा महिला अधिकारका परियोजना र आन्दोलनमा सबै भन्दा बढी छलफल भएको र ठ्याक्कै निष्कर्ष ननिकालिएको प्रश्न हो। धेरै मानिसहरू लोकतान्त्रिक शासन ब्यवस्थालाई यसको पूर्व सर्तको रूपमा लिन्छन् । यसरी लिनुको कारण मानिसले आफुँलाई असहज लागेको कुरा लोकतन्त्रमा स्वतन्त्र रूपमा ब्यक्त गर्न सक्छन् भन्ने हो । पछिल्ला वर्षहरूमा महिनावारीलाई प्राकृतिक प्रक्रिया मान्ने, महिलाहरूका पुन विवाह, छोरीले आफ्ना बुवाआमाको क्रियाकर्म गर्ने काम, सिमान्तकृत समुदायका मानिसले पनि धार्मिक ग्रन्थ पढ्ने र कर्मकाण्ड गर्ने गराउने कुरा, बिवाहमा कन्यादानको भाग हटाउने कार्यहरू हुन थालेका छन् । यसरी भईरहेका परिवर्तन कतै सहज रूपमा, कतै बल पूर्वक र कतै सर्वस्वीकार्य नभए पनि चित्त दुखाउँदै अगाडि बढीरहेका छन् । यसको एउटा आधार शासन सत्ता लोकतान्तिक भएको कारण हो भन्न सकिन्छ।

तर, शासनसत्ताको नीति नियमले मात्रै परिवर्तन गर्न सक्दैन । कार्यान्वयनको तहमा पुगेर ब्यक्तिगत जीवनका दैनिक ब्यवहारमा देखिनु पर्ने हुन्छ । त्यसैले हरेक एक ब्यक्तिले आफुँलाई असहज लागेका कुरामा बोल्न सक्ने वातावरण घर, परिवार र समाजमा हुन जरुरी हुन्छ । कयौ पटक धर्मका नाममा हुने विभेदका कुरालाई लिएर समाज नै एकातर्फ हुने जस्ता घटनाहरू भईरहेका हुन्छन् । र, ती नितान्त धार्मिक ग्रन्ध भन्दा पनि धार्मिक रूपमा सुन्दै आएका कथा कहानीमा आधारित हुन्छन् । उदाहरणका लागि विक्रम सम्त् २०७७ पोखराको एक क्रियापुत्री भवनमा दलितलाई बस्न दिईएन, त्यसै गरि एक संस्कृत पाठशालामा दलित विद्यार्थीलाई राख्न दिईएन ।

समाजशास्त्रमा धर्म आदीकाल देखि चलिआएको वा धर्मले मानिस बनाएको होईन । बरु, मानिसले आफ्ना आवश्कता, राजनीति, कुष्ठा, असफलता र त्रासबाट बँच्न बनाएको काल्पनिक कुरा हो । त्यसको निर्माण नै दुख्खलाई भुलेर मुक्तिमा रमाउने भन्ने हुन्छ । कसैले त्यसलाई अफिम भन्लान्, कसैले त्यसलाई इन्नर ह्याप्पीनेस वा माईन्डफुलनेस भन्लान् वा मुक्तिमार्ग नै किन न होस् । कुनै पनि धर्मले समाजमा भएको शोषणका बिरुद्ध बिद्रोहको कुरा गर्दैन बरु 'मेरो भाग्य नै यस्तै रहेछ' भनेर पलाएन हुने कुरा गर्छ वा जस्तो सुकै अवस्थामा खुशी हुनको लागि जोड दिन्छ ।

**अध्ययन सामाग्रीहरू**

देवकोटा, नारायणी, २०७७, संकल्पः स्थानीय तहको नेतृत्वमा रहेका उपप्रमुखहरूको सङ्घर्षका कथाहरूको संगालो । भाग–५, काठमाडौँ : महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल ।

मैनाली, सुजित, २०७८, सतीः इतिहास र मीमांसा, काठमाडौँ : किताब ।

लम्साल, अमृता, २०७५, हजुरआमाका कथा, काठमाडौँ : अक्षर क्रियसन ।

सम्वादाता, २०७७, 'दलित र जनजातीले संस्कृत पढ्न पाउनुपर्छ', बाग्लुङ : ढोरपाटन ।

साङ्कृत्यायन, राहुल, २०७६, भोल्गादेखि गङ्गासम्म, अनुवादक हेमराज अधिकारी, काठमाडौँ : मञ्जरी ।

शर्मा, विश्वबन्धु, २०७६, मान्छेको मन, काठमाडौँ : मञ्जरी ।

Anderson, B. 1991. Imagined Communities: Reflections on the Origin and Spread of Nationalism. New York: Verso.

Bennet, Lynn. 1983/2005. Dangerous Wives and Scred Sisters: Social and Symbolic Roles of High-Caste Women in Nepal. Kathmandu: Mandala Publications.

Bourde, P., and Wacquant.J. (1992). An invitation to reflexive Sociology. Oxforx and Cambridge:Polity Press. Pp.94-139.

Durkheim, Emile. (1912/1965). The Elementary Forms of Religious life. New York: Free Press.

Gellner, Ernest. (1983). Nation And Nationalism. Oxford: Pen to Print.

Ghure, G.H. (1950). Caste and Class in India. Part 1. Bombay: Popular Prakashan.

Marx, Karl, (1843/1970). "A Contribution to the Critique of Hegel's Philosophy of Right." In

Marx/Engels Collected Works, Vol.3. New York: International Publishers.

Mills, C. Wright, (1959). The Sociological Imagination. Oxford University Press.

Mishra, Chaitanya (2009). Making Research Sociological. Dhaulagiri Journal of Sociology and Anthropology: Volum-3

Poulantzas, Nicos. 1975. Class in Contemporary Capitalism. London: NLB

Ritzer, George. (2008). Sociological Theories. New York :McGrew Hill.

Weber, Max, (1905/1958). The Protestant Ethic and the Spirit of Capitalism. New York: Scribner.

Weber, Max, (1916-17/1958) The Religion of India: The Sociology of Hinduism and Buddhism. Glencoe, III: Free Press.

Weber, Max, (1917/1964). The Religion of China: Confusianism and Taoism. New York: Oxford University Press: 323-359